सूचना

सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु
बालबालिका तथा मानसिक सन्तुलन ठीक
नभएका व्यक्तिहरूले
नभेट्ने ठाउँमा राखौं ।

नेपाल सरकार
सञ्चार सूचना तथा प्रविधि मन्त्रालय
सूचना विभाग

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

अढाई दशकभित्र ९०५ घरधुरी सहकारी पहुँचमा

पृष्ठ ३ मा

वर्ष-१२ ।। अङ्क : १६६ ॥ २०७७ असोज २३ गते शुक्रबार (9th Oct. 2020,Friday) **Pratidin** National Daily मूल्य-रु.५/-

गरामनीको दुर्गा मन्दिरमा सामूहिक पुजा नहुने

बिर्तामोड (प्रस) । पूर्वकै प्रसिद्ध धार्मिकस्थल गरामनीको दुर्गा मन्दिरमा यस वर्षको दशैंमा भीडभाड हुने गरी सामूहिक पुजा आयोजना नगरिने भएको छ । कोरोना संक्रमणका कारण सरकारले देशभरिका धार्मिकस्थलहरुमा पुजापाठ नगर्न र नगराउन निर्देशन दिएका कारण गरामनीको दुर्गा मन्दिरमा पनि सामूहिक पुजाआजा नगरिने भएको हो । गरामनीको ऐतिहासिक एवं पुरातात्विक महत्वको दुर्गा भगवतीको शक्तिपीठमा दशैंको महानवमीका दिन बिशेष पुजाआजा हुने गर्दछ । जसलाई पूर्वकै ठूलो मान्ने गरिन्छ । यस वर्ष आन्तरिक पुजाआजाबाहेक भीडभाड गरेर सामूहिक पुजाआरधना नगरिने गरामनी शक्तिपीठ मठमन्दिर समितिका अध्यक्ष एकराज कार्कीले बताए । उनले सधैको पुजाको समयमा भने मन्दिर खुल्ला राखिने जानकारी दिए । कोरोना महामारीको संक्रमणको खतरासँगै धार्मिक आस्थाको कुरा भएकाले दर्शनका लागि भक्तालुहरुलाई पूर्णरुपमा निषेध गर्न भने नसकिने उनले बताए । उनले भरसक बली पूजालाई यसवर्ष निरुत्साहित गरिने जानकारी दिए । सो मन्दिर वली पूजाका लागि प्रख्यात रहेको छ । विगतमा त्यहाँ सयौको सँख्यामा बोका , परेवा , हाँस र राँगाको वली चढ्ने गर्दथ्यो । ठूलो धार्मिक महत्व बोकेको त्यस मन्दिरमा दर्शनका लागि देशभित्रका मात्र नभएर भारतका भक्तालुहरु समेत आउने गरेका छन् । 'बढ्दो कोरोना संक्रमणका कारण यस वर्ष पूजा आयोजना हुँदैन 'प्रदेश सांसदसमेत रहेका कार्कीले भने ,' यसवारे बिर्तामोड नगरपालिकासँग समन्वय गर्दैछौं ।' उनले आइहाल्ने भक्तालुहरुलाई सामाजिक दूरी कायम गराएर दर्शन गराउने व्यवस्था मिलाउने जानकारी दिए । सामूहिक पूजाआजा गर्न नदिएपनि सामूहिक रुपमा जमरा राख्ने कार्य भने नरोकिने भएको छ । जमरा राख्ने ठाउँ मन्दिरमा रहेकाले सामूहिक जमरा राख्न दिइने कार्कीले बताए ।

दशैं मेला नलाग्ने

कोरोना संक्रमणका कारण यस वर्ष दशैं मेला नलगाइने भएको छ । गरामनीको दुर्गा शक्ति पीठमा दशैंको एकादशीका दिन ठूलो मेला लाग्ने गरेको छ । जसलाई पूर्वको ठूलो दशैं मेलाको रुपमा लिने गरिन्छ । यस वर्ष गरामनीमा दुईवटै मेला नलाग्ने भएको हो । नवमी पुजा र एकादशीका दिन गरी दुवै मेला नलगाउने निर्णय गरिएको अध्यक्ष कार्कीले बताए । बडादशैं पर्वमा झापाको गरामनी , बिर्ताबजार , चारआली , अर्जुनधारा , फूलबारी, भद्रपुरलगायतका स्थानमा मेला लाग्न गरेको छ । गरामनीको दुर्गा मन्दिरलाई झापा जिल्लाकै पुरानो शक्तिपीठको रुपमा लिने गरिएको छ । १९९० सालअघि जंगलैजंगलले भरिएका बेला राजवंशी समुदायले सो मन्दिर स्थापना गरेका थिए । पछि कप्तान भुपालमानसिंह कार्कीले ठाउँ सारी गर्दै त्यस मन्दिरलाई गरामनीमा पक्की बनाइदिएको यसको इतिहासले देखाएको छ ।

ब्राउनसुगरसहित भारतीय कारोबारी सैनिकमोडबाट पक्राउ

बिर्तामोड (प्रस) । बिर्तामोड नगरपालिका वडा नं. ३ सैनिकमोडबाट प्रहरीले ब्राउनसुगरसहित १ जना भारतीय कारोबारीलाई पक्राउ गरेको छ ।

प्रहरीले भारत घर भई बिर्तामोड नगरपालिका वडा नं. ९ नरियावारीमा डेरा गरी बस्ने ३४ बर्षीय कृष्ण रायलाई बुधबार दिउँसो ४ बजे पक्राउ गरेको हो । मिस्त्री काम गर्ने उनले भारतबाट लागु औषध ल्याएर नेपालमा बिक्री गर्दै आएको खुलेको छ । प्रहरी चौकी बिर्ताबजारबाट खटिएको प्रहरी टोलीले ६.९९ ग्राम ब्राउनसुगरसहित उनलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । पक्राउ परेका भारतीय नागरिक रायलाई इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखेर थप अनुसन्धान तथा कानुनी कारबाही अगाडी बढाईएको प्रहरीले जनाएको छ ।

दमकमा आइसोलेसन निर्माण कार्य सुस्त

दमक (प्रस) । झापाको दमक नगरपालिकामा कोरोना भाइरसको संक्रमणको त्रास बढ्दो छ । अहिलेसम्म नगरमा १८९ जनामा कोरोना संक्रमण देखिसकेको छ ।

तीमध्ये १५५ जना संक्रमितहरु भने उपचारपछि निको भएर घर फर्किसकेका छन् भने एक संक्रमित महिलाको ज्यान गएको छ । त्यस्तै दमक १ का ५८ बर्षिय संक्रमित पुरुषको भने काठमाडौमा उपचारका क्रममा ज्यान गएको थियो ।

पछिल्ला समय कोरोना संक्रमणबाट नगर प्रमुख रोमनाथ ओलीसहित ३ जना जनप्रतिनिधिहरु उपचाररत छन् । त्यस्तै,स्वास्थ्यकर्मी, उद्योगी, व्यवसायी, कर्मचारीदेखि सर्वसाधारणसम्म संक्रमित छन् । अहिले नगरमा सक्रिय संक्रमितको

❖बाँकी अन्तिम पृष्ठमा

प्रेस विज्ञप्ती

प्रकाशित मितिः २०७७ असोज २२ गते

सबै रकम फिर्ता भइसकेको छ

प्रस्तुत शिर्षकमा राष्ट्रिय दैनिक प्रतिदिन पत्रिकामा मिति २०७७ /०६/२१ बुधबारका दिन प्रकाशित अंकमा बिर्तामोड नगरपालिका वार्ड न.६ स्थायी रुपमा बस्ने म अर्जुन खवासको नाम जोडी भद्रपुर माविको जग्गामा लाखौं रकम ठगी शिर्षक समाचारप्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ । भद्रपुर माविको कित्ता न. ९१ को ज.वि ३ / १० / ०० मा मोही सानु शम्शेर गिरीको मुद्धा परेको हुँदा त्यस ९१ नं कित्तामा बसोबास गर्दैआएका सबैलाई भद्रपुर माविबाट सूचना गरी स्कुल परिसरभित्र बोलाई छलफल गर्दा सो छलफलको निर्णय अनुसार स्कुलबाट त्यस ९१ नं कित्तामा बसोबास गर्ने सबै जग्गा उपभोक्ताहरुलाई उक्त कि.नं मा मुद्धा परेकोले स्कुललाई आजको मितिबाट कुत नतिर्न भनी २०७५ सालमा जानकारी सहित निर्णय भएको थियो । यसअघिका आर्थिक बर्षहरुमा स्कुललाई तिर्नुपर्ने कुत वापतको रकम म अर्जुन खवासले तिर्दै आएको प्रमाण मसँग रहेको र त्यसपश्चात् सो जग्गामा बसोबास गर्ने उपभोक्ताहरुबीच मिति २०७५ पुस ११ गते छलफल गरी मोही सानु शम्शेर गिरीको हकवालाहरुसंग तथा भद्रपुर माविसँग कसरी समन्वय गर्ने भनी छलफलको विषय बनेको हुँदा यस विषयको समन्वय गर्नका लागि सम्बन्धित सबै जग्गा उपभोक्ताहरुको भेलाको आयोजना गरी र सोही भेलाको निर्णयले म अर्जुन खवासलाई समन्वय समितिको अध्यक्षसहित ७ सदस्य रहने गरी समिति गठन गरिएको थियो । सो समितिले सबैको सहकार्य र सहमतिबाट मोही पक्ष तथा स्कुल पक्षलाई पछि कुत तिर्नको लागि रकम संकलन गर्ने र सबैको सहमतिमा रकम संकलन गर्दा रु १,२४,५८३ (अक्षरेपी एक लाख चौबिस हजार पाँच सय तिरासी मात्र) २६ घरधुरी उपभोक्ताहरुबाट संकलित भएको थियो। मुद्धाको फैसला हुन ढिला भएको कारणले २०७७ भाद्र २७ गतेको बसेको समितिको बैठकको निर्णय भएअनुसार सबै रकम प्रतिदिन पत्रिकामा प्रकाशित हुनु एक महिना अघि नै सबै उपभोक्ताहरुलाई फिर्ता गरिसकेको र सो समिति त्यसैदिन भंग भएको प्रमाण मसँग हुँदाहुँदै केही व्यक्तिहरुबाट गलत सूचना दिइएको हुँदा मेरो मान प्रतिष्ठामा आँच आउने कार्य भएकोले मेरो गम्भीर आपत्ति रहेको छ । यस कित्ता नं. ९१ भद्रपुर माविको वार्ड न ६ मा रहेको सबै जग्गामा आर्थिक तथा अन्य कुनै पनि कारोबारमा मेरो संलग्नता नरहेको यसै विज्ञप्तिमार्फत सबैमा जानकारी गराउँदछु ।

अर्जुन खवास
बिर्तामोड ६



GREEN FIELD WORLD SCHOOL
Birtamode-1, Jhapa, Nepal
Admission Open
From
Nursery to Grade IX
Ph. : 023-542208, Email : greenfieldworldschool@gmail.com,
www.greenfieldworldschool.edu.np

जसपाको बृहत् मोटरसाईकल र्‍याली

दमक (प्रस) । जनता समाजवादी पार्टी नेपाल सम्बद्ध युवा संगठन झापाको आयोजनमा बृहत् मोटरसाईकल र्‍याली सम्पन्न भएको छ ।

एक दिवसीय कार्यक्रममा पार्टी एकतासँगै सरकारको बेथिति, भ्रष्टाचार, कालोवजारीविरुद्ध खबरदारी र डा. गोविन्द केसीको जीवन रक्षाको अपिल, कुलमान घिसिङको पुनर्नियुक्ति लगायतका मागसहित बृहत् मोटरसाईकल र्‍याली निकालिएको हो । दमकदेखि काँकडभिट्टासम्म पुगेको र्‍याली मेची भन्सार कार्यालय परिक्रमा गर्दै कोणसभामा परिणत भएको थियो । कोणसभालाई केन्द्रिय सदस्य तथा प्रदेश सांसद राधा थापा,

❖बाँकी अन्तिम पृष्ठमा

आस्था
कस्मेटिक
एण्ड जेनेरल स्टोर
कस्मेटिक आइटम
गिफ्ट आइटम
कुर्ता सुरुवालका कपडा तथा अन्य रेडिमेड कपडा
☎ 9806018268 I 9852684268
बिर्तामोड भद्रपुर रोड कालिका चोक
एडभान्स सेकुवा कर्नर नजिकै

तुकर्मचारी आवश्यकता

एकाउन्टेन्ट+रिसेप्सनिष्टः १ जना (महिला)
योग्यता दुवै हेर्न सक्ने,
बेटर : २ जना (महिला)
कुकमेन : १ जना (महिला) २ जना (पुरुष)
क्लिनर : २ जना (महिला)
लन्ड्री+डिस्वासर : २ जना (महिला)

5 star Hotel का लागि

रिसेप्सनिष्ट : २ जना (महिला)
एक बर्ष अनुभव भएको
मार्केटः १ जना (महिला)
कम्प्युटर सम्बन्धी दक्ष, अनुभवी
कस्टमर सर्भिस (Customer Service):
१ जना (महिला)
एक वर्ष अनुभव भएको

योग्यताः कम्तीमा ५.३ इन्चभन्दामाथि उचाई भएको Good Looking, Smartness Politeness साथै अंग्रेजी, नेपाली बोल्न तथा बुझ्न सक्ने ।
तलब : आपसी समझदारीमा

बिर्तामोड, कृषि चौक रोड
सम्पर्क नं. ९८५२६४०१२३, ९८०७९१४१२३, ०२३५४४८३४

कोहेड (COHED) कलेजमा

कक्षा ११को भर्ना खुल्यो

विज्ञानः म्याथ/वायलोजी
व्यवस्थापनः कम्प्युटर साइन्स, होटेल मेनेजमेन्ट, विजनेश स्टडिज
मानविकीः रुरल डेभलपमेन्ट, सोसियोलोजी, अंग्रेजी, मास कम्युनिकेशन

एसईईको जिपिएको आधारमा छात्रबृत्तिको व्यवस्था गरिएको छ।
फर्म वितरण भइरहेको छ।
कार्यालय खुल्ने समयः विहान ७:०० बजेदेखि दिउसो ४:०० बजेसम्म
असोज २१ गतेदेखि कक्षा ११को अनलाइन कक्षा सञ्चालन हुनेछ।

सम्पर्कः **कोहेड (COHED) कलेज**
बिर्तामोड, झापा
फोन नं. ०२३५४२८२४, ९८४२६३४३१९, ९८४२६३४३१२

शिखरले मनायो दशौं स्थापना दिवस

बिर्तामोड (प्रस) । शिखर बचत तथा ऋण सहकारी संस्थाले दशौं स्थापना दिवस बिहिबार मनाएको छ । संस्थाका संचालक र कर्मचारीबीच केक काटेर एकापसमा शुभकामना आदानप्रदान गर्दै स्थापना दिवस मनाइएको हो । त्यस्तै स्थापना दिवसका अवसरमा सामाजिक उत्तरदायित्वअन्तर्गत शनिश्चरेस्थित अपाङ्ग बाल सरोकार केन्द्रमा उपाध्यक्ष ऐश्वर्या पाण्डेबाट खाद्यान्न वितरण गरिएको छ । त्यस्तै स्थापना दिवसको अवसरमा संस्थाले सदस्यहरुका लागि विभिन्न सेवासुविधा दिने निर्णय गरेको छ । साना उद्यमीहरुलाई ८ प्रतिशतमा कर्जा लगानी गर्ने,सहकारी विभागको निर्देशन तथा स्थापना दिवसको अवसरमा ११.९९ देखि १४.७५ प्रतिशतभन्दा बढीमा लगानी नगर्ने, चाडपर्व नजिकिएसंगै भीडभाड बढ्ने हुँदा बजार प्रतिनिधिहरुलाई इलाका प्रहरी कार्यालय बिर्तामोडसंगको संयुक्त आयोजनामा सुरक्षा र सचेतना सम्वन्धी ज्ञान प्रदान गर्ने , कोरोना संक्रमण दिनप्रतिदिन बढेसंगै सदस्यहरुलाई कोभिड १९ सचेतना कार्यक्रम निरन्तर गर्ने , सदस्यहरुलाई सहकारी शिक्षा र डिजिटल शिक्षाको जानकारी निरन्तर गराउने निर्णय गरिएको संस्थाका अध्यक्ष दिपेन्द्र राउतले बताए । स्थापना दिवसको कार्यक्रममा संस्थाको मोवाईल बैङ्किग कारोवार गर्ने भगवती ढुंगेललाई सामसुङ कम्पनीको एम.२१ मोवाईल लक्की ड्रमार्फत प्रदान गरिएको थियो ।

२०६७ साल असोज २२ गतेबाट औपचारिक कार्यालयको उद्घाटन गरी ४४ जना शेयर सदस्यबाट ४४ हजार शेयर पुँजीबाट संस्था शुरुवात गरिएको थियो । स्थानीय युवाहरुद्वारा स्थानीयस्तरमा रोजगारीको सृजना गर्ने उदेश्यले संचालनमा ल्याइएको संस्थाले उद्धेश्य अनुरुप काम गर्दै आएको अध्यक्ष राउतले बताए । बिर्तामोडको काँकरभिट्टा रोडमा मुख्य कार्यलय रहेर राजगढ र गरामनीमा सेवा केन्द्र संचालनमा आएको संस्थामा हालसम्म ७,१९२ शेयर सदस्य रहेका छन् भने माई खोलापूर्व कार्य क्षेत्र रहेको छ । संस्थाले ४ करोड ८० लाख ३९ हजार सात सय शेयर, ५५ करोड १७ लाख बचत तथा ५३ करोड ४० लाख रुपैयाँ ऋण लगानी गरेको छ भने हाल ३२ जना कर्मचारी कार्यरत रहेका छन् । एउटा कोठाबाट सुरुवात भएको संस्था १०औ स्थापना दिवस मनाउँदासम्म आफ्नै भवन खरिद गर्न सक्षम भएको सचिव हिमालय प्रसाईले बताए । उनले बिर्तामोडको भद्रपुर रोडमा ४ तलासहितको भवन हालसालै खरिद गरिएको बताए । अव केही महिनामा नै आफ्नै भवनबाट सेवा सुचारु गर्ने जानकारी पनि यसै १०औ स्थापना दिवसको अवसरमा सुनाउन पाउँदा प्रसाईले खुसी व्यक्त गरेका छन् । न्युन आय भएकादेखि धैरै आय भएकासम्म यस संस्थामा सदस्य बनेर दैनिक कारोवार गर्नु यस संस्थाको विशेषता रहेको छ ।

अध्यक्षले कालोपत्रे र पुलको गरे अनुगमन

कुमरखोद (प्रस) । झापा गाउँपालिका अध्यक्ष जयनारायण शाहले आफ्नो पालिकाभित्र बन्दै गरेका विभिन्न ठाउँको कालोपत्रे पिच , बाटोघाटो र पुलहरुको बिहीबार अनुगमन गरेका छन् । झापा गाउँपालिका वडा नं. २ बालुवाटार र कुवाडीबीचमा पर्ने सानो माईखोलामा बन्दै गरेको फलामे बेलीब्रिज , वडा नं २ कै कुवाडी बसस्टेण्डदेखि ३ कि.मी टाढा पंचमको हुलाकी बाटोसम्म जोड्ने कालोपत्रे पिच , वडा नं ६ शरणामतीदेखि दयालधाम जाने कृषिमार्ग जोडिने गरी बनिसकेको कालोपत्रे पिच र वडा नं ३ र४ को हुलाकी वाटो खयरवारीदेखि कामाटोलीसम्म बनिसकेको कालोपत्रे पिचको अनुगमन गरिएको हो । अनुगमनकै क्रममा स्थानीयवासीसँग भेटघाट , विकाससम्वन्धी कुराकानी गर्दै उनले स्थानीयस्तरमा उठेको जनगुनासालाई छिटै नै समाधान गरिने बताए ।

उनले आफूलाई कुनै लोभलालच नरहेको बताउँदै विकासको कार्यमा कहिल्यै पनि पछि नहट्ने प्रतिबद्धता व्यक्त गरे । अध्यक्ष शाहले प्रत्येक वडामा एक-एक वटा स्वास्थ्य चौकी बनाईसकेको र प्रत्येक वडामा एक-एक वटा कालोपत्रे पिचको काम शुरु गरी अहिले अन्तिम चरणमा पुगेको जानकारी दिए ।

वार्ता सकारात्मक

झापा (प्रस) । प्रा.डा. गोविन्द केसीका प्रतिनिधि र सरकारी वार्ता टोलीबीचको छलफल सकारात्मक भएको छ । केहीबेर स्थगित भएर पुनः शुरु भएको सरकारी वार्ता टोली र केसीका प्रतिनिधिबीचको वार्ता सकारात्मक बनेको हो ।

बिहान साढे १० बजेपछि सुरु भएको वार्ता ३ बजे केही समयका लागि स्थगित भएको थियो। त्यसपछि पुनः ५ बजेदेखि वार्ता भएको डा. केसीका सहयोगी प्रितम सुवेदीले जानकारी दिए। केसी अनशन बसेको २४ दिनमा वार्ता टोली गठन गरेर २५ औं दिनमा सरकारले औपचारिक वार्ता सुरु गरेको हो।

बुधबार सरकारले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव गोपीनाथ मैनालीको नेतृत्वमा तीन सदस्यीय समिति गठन गरेको थियो। समितिमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहसचिव डा. गुणराज लोहनी र चिकित्सा शिक्षा आयोगका निर्देशक दिलिप शर्मा सदस्य छन्। केसीको तर्फबाट डा. जीवन क्षेत्रीको संयोजकत्वमा चार सदस्यीय वार्ता टोली गठन भएको थियो। डा. केसी वार्ता टोलीको सदस्यमा डा अंजनीकुमार झा, डा. लोचन कार्की र ओमप्रकाश अर्याल सदस्य छन्।

पहिलो दिनको वार्ता सकारात्मक भएको छ। दुवै पक्षले चाँडोभन्दा चाँडो सहमति गरेर डा. केसीको अनशन तोडाउने गरी सहमति खोज्ने प्रयास गरेका छन्। 'वार्ता सकारात्मक छ', केसीका सहयोगी सुवेदीले भने ।

भदौ २९ गते जुम्लाको एक धर्मशालाबाट १९ औं अनशन सुरु गरेका केसीलाई असोज ५ गते नेपालगञ्ज ल्याइएको थियो। स्वास्थ्य अवस्था गम्भीर बनेको भन्दै नेपालगञ्जबाट हेलिकप्टरमा असोज ६ गते काठमाडौं ल्याइएपछि उनी त्रिवि शिक्षण अस्पतालमा अनशनरत छन्।

दमकमा ...



संख्या ३३ रहेको छ। तीमध्ये २५ जना होम आइसोलेसनमै उपचाररत रहेको नगरपालिको स्वास्थ्य शाखाले जनाएको छ।

दमकमा कोरोना परीक्षणको लागि स्वाव संकलनको क्रम पनि जारी छ। नगरपालिकाका जनप्रतिनिधिहरुमा संक्रमण देखिएपछि दुई दिनअघि ठूलो संख्यामा स्वाव संकलन गरिएको नगर स्वास्थ्य शाखाले जनाएकोछ । दुई दिनअघि यहाँ ३ सय जनाको स्वाव संकलन गरी परीक्षणका लागि कन्काई नगरपालिकाको कोटीहोमस्थित प्रयोगशाला पठाइएको छ। यसअघि संक्रमण देखिइसकेको व्यक्तिसंग प्रत्यक्ष सम्पर्कमा रहेका व्यक्तिहरुको स्वाव संकलन भएकाले थप ठूलो संख्यामा दमकमा संक्रमितहरु थपिने सम्भावना उच्च छ । संक्रिय संक्रमितहरुले देशभरका कोभिड १९ विशेष अस्पतालहरु भरिभराउ भएका खबर सञ्चारमाध्यमहरुमार्फत बाहिर आइरहेका वेला नगरमा भने व्यवस्थित कोभिड १९ उपचार केन्द्र नहुँदा समस्या भएको छ।

संघीय सरकारले स्थानीय तहमै कोभिड १९ विशेष कम्तीमा ३० बेडको आइसोलेसन कक्ष निर्माण गर्न सर्कुलर गरिसकेको भएपनि दमकमा भने अहिलेसम्म छुट्टै आइसोलेसन कक्ष सञ्चालनमा आउन सकेको छैन । आम्दा अस्पतालमा केही आइसोलेसन कक्ष रहेको भएपनि प्राय खाली छैनन् । नगरपालिकाले छुट्टै कोरोना विशेष उपचारस्थल र संक्रमितहरुको मृत्यु भइहाले शव व्यवस्थापनका लागि कुनै पूर्वतयारी नगर्दा संक्रमितको उपचार तथा मृत्युपछि हुने अन्त्येष्टि कार्यमा समस्या हुँदै आएको छ।

नगरपालिकाले कोभिड १९ को उपचारका लागि दमक- २ स्थित पुरानो शरणार्थी समन्वय एकाइको कार्यालय रहेको भवन र सशस्त्र प्रहरीको बेलडाँगी १ स्थित बेस क्याम्प परिसरमा एक महिना अघिदेखि भौतिक पूर्वाधारहरुको व्यवस्था मिलाउने गरी काम अघि बढाएपनि त्यसले अझै पूर्णता पाउन सकेको छैन।

जिल्लाका कतिपय स्थानीय तहले छुट्टै आइसोलेसन कक्ष निर्माण गरेर आवश्यक जनशक्ति व्यवस्थापनका लागि तयारी थालेपनि दमकको पूर्वतयारी भने अत्यन्तै कमजोर भएको सरोकारवालाहरुको भनाइ छ। दमक २ मा निर्माणाधिन आइसोलेसन भवनमा आवश्यक पूर्वाधारहरुको व्यवस्थापन कार्यमा सुस्तता हुँदा यहाँका संक्रमितहरु भोलि घरमै राख्न नमिल्ने र थप उपचारका लागि छुट्टै अस्पतालमा लैजानु पर्ने अवस्था आएको खण्डमा समस्या पर्न सक्ने भएपनि त्यसवारे स्थानीय सरकारको ध्यान जान नसकेको दमक उद्योग वाणिज्य संघका अध्यक्ष गोकुल श्रेष्ठले बताए । उनले भने -' जनस्वास्थ्यका विषयमा स्थानीय सरकारको हेलचेक्राईले दमकमा समस्याले विकराल रुप लिन सक्ने अवस्था पनि आउन सक्छ ।'

३० बेड क्षमताको निर्माणाधिन आइसोलेसन कक्षसंगै त्यहाँ खटिने स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीका लागि पनि छुट्टै आवाससहितको बन्दोबस्ती आवश्यक हुन्छ तर त्यसका लागि निक्कै ढिलो भईसकेको स्वास्थ्य शाखाका एक जना कर्मचारीले बताए ।

ओली दम्पत्ती विपीमा

दुई दिनअघि संक्रमण देखिएका दमक नगर प्रमुख रोमनाथ ओली र पत्नी लीला ओली अहिले धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको कोभिड १९ अस्पतालमा उपचाररत् छन् । दमककै आम्दा अस्पतालको आइसोलेसनमा उपचारका लागि भर्ना भएका दम्पत्तीमध्ये श्रीमतीमा समस्या देखिएपछि थप उपचारका लागि धरान लगिएको नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ । त्यस्तै, दमक वडा नं १० का वडाध्यक्ष बोधराज न्यौपाने भने बुधबार नै आम्दा अस्पतालवाट होम क्वारेन्टाइनमा गएका छन् ।

उनको स्वास्थ्य अवस्था सामान्य भएको र घरकै क्वारेन्टाइनमा बस्नेगरी अस्पतालबाट बुधबार घर फर्किएका हुन् ।

यसैवीच अर्का एक ५१ बर्षका पुरुष जनप्रतिनिधिमा समेत संक्रमण देखिएपनि आफ्नो पहिचान गोप्य राख्न चाहेको स्वास्थ्य शाखाले जनाएको छ । दमकमा सञ्चालित क्वारेन्टाइनमा बस्नेको संख्या भने १७ जना रहेको छ ।

कोरोना संक्रमणले दुईको मृत्यु

झापा (प्रस) । मोरङको बिराटनगर र सुनसरीको धरानमा एक-एक जना कोरोना संक्रमितको मृत्यु भएको छ । मोरङका कोरोना संक्रमितको घरमै र धरानका संक्रमितको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारको क्रममा मृत्यु भएको हो । कोरोना संक्रमणपछि घरमै बसिरहेका बिराटनगर महानगरपालिका-५ का ८२ वर्षीय वृद्धको बिहीबार बिहान ६:३० बजेतिर मृत्यु भएको विराटनगर महानगरपालिकाका नगर प्रहरी निरीक्षक राजन पौडेलले जानकारी दिए । उनका अनुसार वृद्धलाई १९ असोजमा कोरोना संक्रमण देखिएको थियो । उनमा ज्वरो आउने, श्वास फेर्न गाह्रो हुनेलगायत लक्षण देखिएको थियो । परीक्षण गर्दा कोरोना पोजेटिभ देखिएपछि पनि उनी आफ्नै घरमै बसिरहेका थिए ।

सोमबार बिराटनगर महानगरपालिका-११ पिचराका एक वृद्ध पुरुषको पनि घरमै मृत्यु भएको थियो । कोरोनासँग मिल्दोजुल्दो लक्षण देखिएपछि स्वाब संकलन गरेका ८८ वर्षीय वृद्धको सोमबार राति ११ बजे घरमै मृत्यु भएको थियो । मृत्यु पश्चात मंगलबार उनको कोरोना जाँच रिपोर्ट पोजेटिभ आएको थियो । यसैगरी बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचाररत सुनसरीको धरान-१० घर भएका ३९ वर्षीय पुरुषको बिहीबार बिहान मृत्यु भएको छ। असोज १२ गते कोरोना संक्रमण पुष्टि भएपछि उनी भोलिपल्ट अस्पताल भर्ना भएका थिए। बिहीबार बिहान ४:३० बजे उनको मृत्यु भएको प्रतिष्ठानका सहायक प्रवक्ता आशिष श्रेष्ठले जानकारी दिए।

झापामा थपिए २५ संक्रमित

झापा (प्रस) । झापामा स्वास्थ्यकर्मी, थुनुवा , सुरक्षाकर्मीलगायत गरी बिहीबार २५ जना कोरोना संक्रमित थपिएका छन् । थपिनेमध्ये ५ थुनुवा , एक प्रहरी , एक स्वास्थ्यकर्मी रहेका छन् । भद्रपुर नगरपालिकामा दुई महिलासहित १० जनामा संक्रमण देखिएको छ। त्यसमध्ये प्रहरी र थुनुवा पनि रहेको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता राकेश थापाले बताए । त्यस्तै मेचीनगरमा बिहीबार थप १० जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।मेची प्रादेशिक अस्पताल भद्रपुरका अनुसार मेचीनगरका १० जनामा बिहीबार कोरोना संक्रमण पुष्टि भएको छ । मेचीनगर-६ का १ जना, मेचीनगर-१० का १ जना र मेचीनगर-८ का ८ जनामा कोरोना संक्रमण पुष्टि भएको नगरपालिकाले जनाएको छ ।योसँगै मेचीनगरमा कोरोना संक्रमितको संख्या १५८ पुगेको छ । त्यस्तै बिर्तामोड नगरपालिकामा ४ जनामा संक्रमण पुष्टि भएको छ । संक्रमण पुष्टि हुनेमा एकजना स्वास्थ्यकर्मी , एकजना औषधी व्यवसायी , एकजना स्थानीय र एकजना इन्सुरेन्स कर्मचारी रहेका छन् । संक्रमितहरु वडा नं ४ का एक र वडा नं १ का तीनजना रहेका छन् । त्यस्तै बाह्रदशी गाउँपालिकाका एकजनामा संक्रमण देखिएको छ । योसँगै जिल्लामा कोरोना संक्रमितको सँख्या १ हजार ३ पुगेको छ ।

भूमिका सुब्बाको 'बनचरी' सार्वजनिक



झापा (प्रस) । गीतकार तथा कलाकार भूमिका सुब्बाको नयाँ गीत 'बनचरी' सार्वजनिक भएको छ । ओएसआर डिजिटल युट्युब च्यालनबाट बिहीबार सो गीत रिलिज गरिएको हो । गीतमा एउटी नारीको जीवनयात्रालाई समेटिएको छ । एउटी छोरीले जन्मदिने आमाप्रति दर्शाउने अगाध प्रेम र माईती गाउँका'नोस्टाल्जिया'गीतमा प्रस्तुत गरिएको गीतकार सुब्बाले बताईन । उनी आफै गायिका समेत हुन । उनको मालिङ्गो सैसै, भूमिका र संगिनी तीनवटा सोलो एल्बम रहेका छन् भने आधा दर्जनभन्दा बढी संयुक्त गीतिसंग्रह बजारमा आएका छन् । बाल्यकालबाटै कलाकारिता क्षेत्रमा लागेकी सुब्बाको खासगरी जनवादी गायिकाको रुपमा फराकिलो परिचय रहेको छ । पछिल्लो समय उनी गीत लेखनमा लागेकी हुन् । त्यसैको निरन्तरता हो बनचरी ।

चर्चित गायिका एलिना चौहानको स्वरमा सजिएको यो गीतमा पछिल्लो समय म्युजिक भिडियोमा रुचाइएका कलाकार लक्ष्मी बर्देवाले अभिनय गरेकी छिन् । साजन राईको संगीत रहेको यस भिडियोको किरण चाम्लिङ राईले निर्देशन गरेका छन् ।

बिजु कर्मचार्यले एरेन्ज गरेको यो गीत भर्जिन भ्वाईसको स्टुडियोमा रेकर्ड गरिएको हो । भुपेन्द्र तुम्बाहाङ्गफेले छायाङ्कन गरेको भिडियोमा काठमाण्डौ उपत्यका छेउछाउका ग्रामीण दृश्यहरु समेटिएका छन् ।

जसपाको ...

पूर्व राजपाका झापा जिल्ला बरिष्ठ नेता कुमार गणेश, पूर्व राजपा युवा संघ प्रदेश अध्यक्ष रोशन लिम्बु,समाजबादी पार्टी मुख्य सचिब पवन विष्ट, जसपा पार्टी सम्बद्ध झापा जिल्ला युवा संघका अध्यक्ष दिपेनबाला राईले सम्बोधन गरेको कार्यक्रम महेन्द्र कटुवाल र हेमराज श्रेष्ठले संचालन गरेका थिए ।

Back Pain
Knee Pa
Neck Pain
Shoulder Pain

पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा
शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरु

औषधीको प्रयोग नगरी उपचार
बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस् । वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुन: यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस् ।

सदैव व्यायाम गरौं, सदैव स्वस्थ रहौं ।

पूर्ण टुङ्ग बिर्ता सीटी हस्पिटल
बिर्तामोड, झापा । फोन : ०२३-५४४८५५, ९८६२६८००००

हाडजोर्नी तथा नशाका समस्याहरूको
बिना अप्रेसन सफल उपचार

सफलतापूर्वक उपचार हुने समस्याहरू
ढाड, गर्धन कम्मर दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिइएको नशा च्यापिएको
वाथ, आर्थराइटिस, घुडा, जोर्नी दुख्ने, युरिक एसिड बढेको
शरीरका विभिन्न अङ्ग झम्झमाउने, पोल्ने, लाटो हुने
पाएल्स, पिनाश, ग्यास्टाइटिस, कब्जियत, टाउको दुख्ने, डिप्रेशन, अनिद्रा
प्यारालाइसिस, शरीरको एक अङ्ग वा दुवै अङ्ग नचल्ने, मुख बाङ्गिएको

सम्पर्क : स्पार्क पूर्वाञ्चल अस्पताल प्रा.लि.
कनकाई रोड (कनकाई कलेजसँगै) बिर्तामोड (झापा) फोन : ०२३-५४०१२३, ९८५२६७५०३३

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल । । सम्पादक : राजेन्द्र गौतम

सम्पादकीय

पिसिआरको नाममा ठगी

कोरोना परीक्षणका नाममा भइरहेको मनपरी नरोकिएपछि जनता ठूलो कहरमा परेका छन् । भाइरस परीक्षणका नाममा निजी अस्पतालले यसभन्दा पहिले गर्दै आएको ठगी धन्दालाई निरन्तरता दिएपछि यो समस्याको समाधान हुन नसकेको हो । सरकारले तोकेको शुल्कविपरीत निजी अस्पतालले प्रतिपरीक्षण ४ हजार रूपैयाँसम्म शुल्क असुल्दै आएपछि सरकारले कडा चेतावनी दिँदा पनि यसका बारेमा कुनै पुनर्विचार गरेका छैनन् । पीसीआर परीक्षणमा अधिकत २ हजार रूपैयाँ मात्र लिन पाउने भनी गरिएको सरकारी निर्णयको खिल्ली उडाएपछि अबका दिनमा निजी अस्पतालहरू कारबाहीको दायरामा आउने देखिएका छन् । केही प्रयोगशालासँग बुझ्दा सरकारले तोकेको शुल्कभन्दा दोब्बर रूपैयाँसम्म शुल्क लिएको पुष्टि भएपछि सरकार पनि अबका दिनमा यसका लागि कस्तो प्रक्रिया अपनाउने भनी आन्तरिक छलफलमा जुटेको देखिएको छ । नाम चलेका अस्पतालहरू त सरकारको निर्णयविपरीत खुल्लमखुला चुनौतीका रूपमा अघि सरेकमा देखिन्छन् । स्वास्थ्यलाई सेवाका रूपमा भन्दा पनि पैसा कमाउने मौका र माध्यमका रूपमा लिने प्रवृत्तिको विकास भएकाले सरकारी सहुलियतको निर्णय उल्लंघन गर्ने परिपाटी चुलिएर गएको हो । देशभरका ल्याबको नियमन गर्ने जिम्मा पाएको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले कडाइ गरे पनि निजी अस्पताल तथा ल्याबहरूले बढी शुल्क लिन छाडेका छैनन् । आश्चर्यको कुरा त के भएको छ भने सरकारले अहिलेसम्म कोरोना परीक्षणबापत बढी शुल्क लिने प्रयोगशाला वा अस्पतालमाथि कारबाहीको प्रक्रिया नै सुरु गरेको छैन । अन्तिम चुनौतीका रूपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको शुल्कभन्दा बढी पीसीआर परीक्षणको शुल्क लिने अस्पताल र ल्याबको परीक्षण अनुमति खारेज गर्ने जनाए पनि यो निर्देशनको पालना भने हुन सकेको छैन । महामारी हामी सबैको साझा दुस्मन हो । यसका विरुद्ध लड्न हामी सबैले आआफ्नो ठाउँबाट सके जति त्याग, सहयोग र समर्पण देखाउनैपर्छ । यसका लागि अहिले कोरोना महामारी नियन्त्रणको अग्रभागमा रहेको स्वास्थ्य क्षेत्र, यसमा आबद्ध चिकित्सक तथा नर्स र स्वास्थ्य सेक्टरमा लगानी गरेका लगानीकर्ताहरूले राष्ट्रिय उद्धारका लागि केही न केही बलिदानी गर्नैं पर्ने अवस्था छ । यसमा सबैभन्दा प्राथमिकतामा पीसीआर परीक्षण नै रहेको छ । त्यसैले, परीक्षणमा भइरहेको मनपरी रोक्नु अहिलेको अहम् आवश्यकता हो ।

नारीको आवाज

भोलि पालो मेरो त होइन !

❖ गिब्सन मैनाली

ऊ १२ बर्षिया बालिका सम्झना बिकको मन्दिरमै बलात्कारपछि हत्या भयो । अर्की २१ बर्षिया युवती पनि आफ्नै ससुरा,पति,काका ससुराबाट पटकपटक बलात्कार भएको भनी न्यायालयको ढोका ढकढक्याउन आइपुगेकी छिन् । कतै छोरी मात्र जन्माएको भनी आमाले निरन्तर यातना भोगेको समाचार छापिएको छ । ओहो ! एक त म छोरीलाई कमजोर भन्न रुचाउने मेरो समाजले मलाई अझै कमजोर सावित गर्न कति लागिपरेको छ। आज ऊसँग भएको घटना भोलि मसँग नहोला भन्न सक्दिनँ ।

दिनहुँ घट्ने बलात्कारका घटना कतिलाई रमिता बनेका छन् त कतिलाई समाचारका शिर्षक । पैसा र शक्तिको आँडमा यहाँ जे पनि हुन्छ न अपराधीलाई सजाय दिइन्छ न त पीडित पक्षले न्यायको एहसास गर्न पाउँछन् । नेपाल प्रहरीले सार्वजनिक गरेको तथ्यांकअनुसार नेपालमा दिनहुँ ६ जनाको बलात्कार हुने गरेको छ । जुन संख्या बढ्दो क्रममा छ ।

बिहान आखा खुलेदेखि बेलुका ननिदाएसम्म जुनसुकै सञ्चारमाध्यमबाट महिलामाथि हिंसा, बलात्कार र एसिड आक्रमण भएका घटना सुन्दा ,पढ्दा र हेर्दा कुन छोरीले आफू सुरक्षित महसुस गर्न सक्लिन् र ? वनको बाघले नखाएपनि मनको बाघले खाँदो रहेछ । मलाई आजभोलि रातसाँझमा एक्लै घरबाट बाहिर निस्कन डर लाग्छ । घरबाट बाहिर निस्कँदा बाटोमा कसैले पानीको बोतल बोकेर हिँडिरहँदा पनि बोतलमा पानी हो या एसिड हो भनी मनमा अनेक कुरा खेल्न थाल्छन् ।

उमेरले सम्झनाभन्दा केही परिपक्व म बलात्कारको अर्थ बुझ्छु र कहिलेकाही कल्पना गर्दा पनि आतिएर आफै चिच्याइ झसङ्ग हुन्छु । सोच्नुहोस् त, के ती १२ बर्षिया बालिकाको त्यो कलिलो बाल मस्तिष्कले बलात्कारको कहिले कल्पना गर्न सकेको थियो होला त ? न त उनलाई बलात्कारको अर्थ नै थाहा थियो । बलात्कार जस्तो आपराधिक घटनामा अधिकांश चिनेजानेका मानिस, छरछिमेक र पीडितका आफ्नै आफन्तहरुको संलग्नता भएको तथ्यांकमा उल्लेख भएको पाइन्छ। घरको चौघेराबाट बाहिर मात्रै नभएर घरभित्र पनि एउटी छोरीले असुरक्षित महसुस गर्नुपर्ने यो कस्तो बाध्यता ?

केहीको मुखबाट महिलाहरुले लगाएको पहिरन र उनीहरुको हाउभाउका कारण बलात्कारका घटनाहरु बढेका हुन् भनेको सुनिन्छ । यदि त्यसो हो भने किन आज डायपर लगाउने बालिकादेखि वृद्ध आमा पनि सुरक्षित छैनन् । एउटा घटिया मानसिकता भएको मानिसले अपराध गर्छ अनि त्यसको भागिदार निर्दोष महिला र अवोध बालिका हुनुपर्छ ? बलात्कारपछि पनि पीडितलाई नै कुनै न कुनै रुपमा दोषी देखाइदिँदा पीडकको मनोबल बढिरहेको छ । दुनियाँमा बलात्कार मात्र यस्तो एक घटना हो जहाँ कतिपय अवस्थामा पीडितलाई नै दोषी करार गरिन्छ। बलात्कारको घटना भएपछि पनि परिवार,समाजको इज्जत जान्छ भनी पीडितलाई केही रकम दिएर ठूलावडाको मेलमिलापमा घटनालाई छापछुप पार्ने चलन हाम्रै गाउँघरमा मजाले देखिन्छ ।न्यायिक प्रक्रिया अत्यन्त झन्झटिलो भएको कारण कतिपय पीडितले बीचमै हरेस खान्छन् । पीडित पक्ष जो उजुरी दिन जान्छ उसलाई नै निरुत्साहित पारी सबैले उही पीडितमाथि नै प्रश्न तेर्साउँछन्।

आज न्याय माग्नेका हात एकमाथि अर्को खप्टिरहेका छन्। एकातिर पीडित परिवारलाई आफ्नो सन्तान गुमाएको पीडा त छँदैछ, अर्कोतिर अलिअलि भएको सम्पत्ति पनि दिनदिनै न्यायको भिख माग्न जाँदा खर्च भइरहेको छ । दण्डहीनता र कमजोर कानुन व्यवस्थाका कारण अपराधी भने खुलमखुल्ला आफूले केही गल्ती नगरेझैं छाती चौडा पारेर हिडिरहेका छन्। देशको कानुन व्यबस्थाले अपराधीलाई तोकिएको सजाय होइन, झन् हौसला दिएको प्रष्ट देखिन्छ ।


अहो..! सबै समृद्ध नेपालबाट ?
स्वर्गद्वार
हो.. सबै बलात्कृत..

समाजमा यौनप्रतिको जिज्ञासालाई अझै पनि पर्दा पछाडि नै लुकाउने गरिन्छ। यता विद्यार्थीहरु यौन शिक्षाबाट बन्चित छन्। महिलालाई दिने सम्मान, गर्ने व्यवहार र उनीहरुप्रति हेर्ने दृष्टिकोण उस्तै लाजमर्दो भएपछि कसरी हुन्छ परिवर्तन ? कमजोर शिक्षाका कारण आज पनि बलात्कार हुनु महिलाको कपडा हो भन्ने मानसिकता बालबालिकामा विकास भइरहेको छ । यौन शिक्षा र महिलालाई यसरी सम्मान गर्ने र उनीहरुप्रति खराब दृष्टिकोण राख्नु हुन्न भनी सिकाउन नसक्दाको परिणाम आज हामी भोगिरहेका छौं।

केही घटिया मानसिकता भएका पुरुषहरुका कारण सम्पूर्ण पुरुषको इमान्दारितामा प्रश्न खडा भएको छ । एकाएक छोरी चेलीले आफ्नै बुबा, दाजु, काकालाई शंकाको भावले हेर्ने परिस्थिति सिर्जना भएको छ । मानिस-मानिसबीचको बिश्वासको डोरी क्रमशः खुकुलो भइरहेको छ । कुनै समय प्रकृतिले भरिपूर्ण सुन्दर देशमा जन्मिए भनी गर्व लाग्ने मलाई आजभोलि न्याय नपाउने भ्रष्टाचारी र अमानवताले भरिपूर्ण देशमा जन्मिएको रहेछु भन्ने लाग्छ ।

हिजो कसैको बलात्कार भएको हुन्छ । आज लास भेटिन्छ । भोलिपल्टदेखि केही दिन आन्दोलन भई त्यहीँ कुरा सामाजिक सञ्जालमा भाइरल हुन्छ। यति भएपछि छानबिन टोली बन्छ । बनेको टोलीले न अपराधीलाई कार्वाहीको दायरामा ल्याउन सक्छ न त पीडित परिवारले न्याय नै पाउँछन् । अलि दिनदेखि पीडित परिवारले बाहेक सो घटना सबैले भुल्दै जान्छन् । नेपालमा अधिकांश बलात्कारका घटनाहरु यसरी नै सेलाउँछन् र एउटी छोरीको जीवन यतिकैमा सकिन्छ ।

बनेको कानुन पनि संविधानको पानामा मात्र सीमित हुँदा हामीले कस्तो परिवार, समाज र राज्यको परिकल्पना गरिरहेका छौं ? हाम्रो समाजका हरेक महिला र बालबालिकाले सम्मानजनक बाँच्न पाउने र हरबखत सुरक्षित महसुस गर्ने उसको अधिकार हो ।आफूलाई लागेको कुरा खुलेर राख्नु लोकतन्त्रको सुन्दरता हो । त्यसैले हामी सबैले बलात्कारीलाई मृत्युदण्डको व्यवस्था होस् भन्ने आवाज बुलन्द गर्नु जरूरी छ । यसले बलात्कार पूरै निर्मूलै पार्छ भन्न त सकिदैन । तर, यदि यस कानुनका बारेमा थाहा छ भने बलात्कार गर्नुभन्दा अघि त्यस पुरुषले दुईपटक पक्कै सोच्छ होला। यसले हामी छोरी बुहारीहरूलाइ केही राहत त मिल्ला कि !

givesonmainaly135@gmail.com

कांग्रेसभित्र विवाद : क्षणिक कलह कि स्थापित प्रवृत्ति ?

❖ तपराज जोशी

राजनीतिक दलहरूभित्र यदाकदा देखिने विवादलाई अस्वाभाविकरूपमा लिनु हुँदैन । किनभने यस्तो विवादले दलभित्रको आन्तरिक राजनीतिलाई जीवन्त बनाइरहेको हुन्छ । यस प्रकृतिका विवादहरु विधि, विधान तथा पार्टीभित्र स्थापित मान्यताअनुरूप समाधान पनि भइरहेका हुन्छन् । तर, एउटै किसिमको विवाद पटकपटक दोहोरिने र प्रवृत्तिकै रुपमा स्थापित हुँदै गयो भने पार्टीका लागि निकै घातक हुनसक्छ । हाल कांग्रेसभित्र देखिएको विवाद नेतृत्व प्राप्तिका लागि हुने क्षणिक कलहमात्र हो भने यसको समाधान पार्टीको विधिविधानको आधारमा सहजै निस्किने छ । तर, यो विवाद विगतमा एकले अर्कोलाई निषेध गरेर नेतृत्व लिने नियतबाट सिर्जित भएको हो भने यसले नेतृत्व वर्गलाई मात्र नभएर सिङ्गो पार्टीलाई नै क्षति पुऱ्याउनेछ ।

अहिले कांग्रेसभित्र देखिएको विवादको प्रकृति तथा अन्तर्वस्तु हेर्दा यो क्षणिक नभई विगतकै प्रवृत्तिको निरन्तरताजस्तो देखिन्छ । यस्तै सामान्य प्रकृतिका विवाद बल्झिँदै जानाले हिजो कृष्णप्रसाद भट्टराई र गणेशमान सिंहजस्ता आदर्श पुरुषहरुले आफ्नो जीवनको अन्तिम समयमा पार्टी परित्याग गर्नुपरेको थियो । विगतमा उनीहरूलाई त्यो अवस्थासम्म पुऱ्याउन षड्यन्त्र गर्नेहरू नै पार्टीभित्र महत्वपूर्ण जिम्मेवारी ओगट्न सफल भएका कारण पनि यो प्रवृत्ति कांग्रेसभित्र दोहोरिरहने सम्भावना देखिन्छ । एकपटक फुटको पीडा भोगिसकेको पार्टीभित्र विधानका सामान्य प्रावधानलाई समेत बेवास्ता गरेर एकपछि अर्को निर्णय गरिनु आफैँमा शंकास्पद देखिन्छ । सामान्यतया क्रियाशील सदस्यता वितरणमा पारदर्शिता खोजिनु, निर्वाचनको मुखमा आएर विभागलगायत पार्टीका दीर्घकालीन स्वरुपका संरचना तयार गरिनु उपयुक्त नहुनाले यसलाई सच्याउनुपर्छ भन्ने स्वाभाविक माग पनि हाल विवादका रूपमा देखिनुले शंकालाई थप बल पुगेको छ ।

यो विवाद संगठनभित्र नेतृत्ववर्गको कार्यसम्पादन क्षमताको अभावका कारण हुने मानवीय कमजोरीले सिर्जना भएको होइन । बरु यो एकले अर्कालाई निषेध गर्ने परम्परागत मानसिकताबाट सिर्जित विवादजस्तो देखिन्छ । यो विवादबाट पार्टीभित्र ‘म निर्विकल्प छु, मैले जे गर्छु, जे भन्छु त्यो नै अन्तिम सत्य हो यसमाथि प्रश्न उठाउने अधिकार कसैलाइ छैन’ भन्ने सन्देश दिन खोजिएको देखिन्छ । विधानको मूल भावनालाई लत्याउँदै आगामी महाधिवेशन आफ्नो पक्षमा पार्न गरिएको यस प्रकारको विवादले पार्टीभित्र जसरी पनि जित्नुपर्छ भन्ने संस्कृतिको विकास गराइरहेको छ । एक जना व्यक्ति आफू नेतृत्वमा पुग्न जुनसुकै हदसम्म पनि जाने र जे पनि गर्ने यस्तो अवस्था पार्टीविशेषको लागि मात्र नभएर लोकतन्त्रकै लागि पनि घातक हुन्छ ।हाल कांग्रेसभित्र देखिएको यस्तो प्रवृत्ति केन्द्रीय तहमा मात्र सीमित नभएर वडातह सम्मै पुगेको देखिन्छ । यस्तो प्रवृत्तिका कारण एउटा इमानदार र पार्टीप्रति प्रतिबद्ध कार्यकर्ता वडा तहबाटै निषेधित हुन पुग्छ । किनभने ऊ आफनो व्यक्तिगत स्वार्थपूर्तिका लागि पार्टीभित्र विकसित यसप्रकारका गलत प्रवृत्तिको मौन साक्षी भएर रहन सक्दैन । आफ्नो स्वाभिमानलाई उच्च राख्दै राजनीति गर्न चाहने व्यक्तिलाई हाल कांग्रेसभित्र क्रियाशील सदस्य बन्नबाटै वञ्चित गर्ने प्रयास भइरहेको सजिलै देख्न सकिन्छ । सदस्यता वितरण गर्दा वितरकका आफ्ना परिवार, नातागोता, गुटका व्यक्तिको पालो पुगेपछि मात्र कुनै गुट उपगुटमा आबद्ध हुन नचाहने स्वतन्त्र र स्वाभिमानी कार्यकर्ताको पालो आउँछ । त्यसपछि उसले वडा तहमा निर्वाचित हुन कि त पार्टीको संस्थापन पक्ष सामु आत्मसमर्पण गर्नुपर्छ कि उसका प्रतिद्वन्द्वीले बनाएका सदस्यहरूको मत प्राप्त गरी विजयी हुन सक्नुपर्छ । यस्तो अवस्थामा सामान्यतया इमानदार र सम्झौता नगर्ने व्यक्तिको पराजय निश्चित नै हुन्छ । किनभने, सदस्यता वितरण गर्दा नै गुटका उम्मेदवारको विजय सुनिश्चित गरिएको हुन्छ । यसरी निर्वाचित भएका क्षेत्रीय प्रतिनिधिले आफनो गुटको नेतृत्वको चाहनाविपरीत मतदान गर्न सक्दैनन् । यो प्रक्रिया वडा, क्षेत्र, जिल्ला हुँदै केन्द्रसम्मै पुग्ने गर्छ । विधानमा गुटगत राजनीतिलाई निस्तेज गर्न केही प्रावधान राखिएका भए पनि संस्थापनकै संरक्षणमा विधानका ती प्रावधानको उल्लंघन गरिने हुँदा गुटविहीन कार्यकर्ताले न्याय पाउने सम्भावना रहँदैन । अहिले कांग्रेसभित्र क्रियाशील सदस्यता संगठन विस्तार भन्दा पनि गुट विस्तार गर्ने र नेतृत्व हत्याउने अचुक अस्त्र बनेको छ ।



हालै नेपाली कांग्रेसको पदाधिकारी बैठकले क्रियाशील सदस्यता पाँच लाखबाट दश लाख बनाउन गरेको निर्णय महत्वाकांक्षी छ । तर, यति ठूलो संख्यामा सदस्यता वितरण गर्दा उपयुक्त व्यक्तिलाई नदिने हो भने पार्टीकै औचित्य र अस्तित्व समाप्त हुन के बेर ? सङ्गठनलाई सशक्त र प्रभावकारी बनाउने हो भने नयाँ सदस्यता वितरण गर्नुपूर्व विगतमा बाँडिएका सदस्यता कति प्रभावकारी भए ? यिनले समाजका कति प्रतिशत व्यक्तिको प्रतिनिधित्व गरेका छन् ? के कांग्रेसले सदस्यता दिएका सबै व्यक्तिहरु समाजले सहजै स्वीकार गरेका व्यक्ति हुन् ? कतै समाजको मूल प्रवाह एकातिर क्रियाशील सदस्य अर्कैतिर त भएको छैन ? भन्नेजस्ता प्रश्नहरुको निष्पक्ष उत्तर खोज्नु आवश्यक हुन्छ ।

अहिलेको विवादको प्रमुख कार्यसूची क्रियाशील सदस्यता उपयुक्त व्यक्तिलाई पारदर्शी तवरले वितरण गर्नुपर्छ भन्ने नै हो । यो माग पूरा गर्दा कसैको कद घट्दैन । लोकतान्त्रिक मूल्य मान्यता आत्मसात् गर्ने हो भने निर्वाचनको मिति तोकिइसकेपछि विद्यमान सबै संरचना स्वतः तदर्थ हुन्छन् । त्यस्तो कार्यसमितिलाई दूरगामी प्रभाव पार्ने कुनै पनि निर्णय गर्ने अधिकार हुँदैन । कांग्रेसभित्र अहिले यही मान्यताको अतिक्रमण भइरहेको छ । त्यसैले त अचेल कार्यकर्ताको एउटा प्रश्न सुन्न पाइन्छ - सत्तरी वर्ष लोकतन्त्रका लागि अनवरत संघर्ष गरेको पार्टीले नै लोकतान्त्रिक प्रणालीका आधारभूत मूल्यमान्यतालाई आत्मसात् नगर्ने हो भने संविधान मिच्न उद्यत सत्तापक्षलाई कुन नैतिकताले विरोध गर्ने ? यो प्रश्नको उत्तर कार्यकर्तामात्र होइन एकदिन जनताले पनि खोज्ने नै छन् । नेतृत्व गर्नेले यसको सही र स्वाभाविक उत्तर दिन नसके कांग्रेस लोकतान्त्रिक पार्टी होइन भनेर जनताले नै उत्तर दिनेछन् ।

कांग्रेस विगतमा लामो समयसम्म पञ्चायती व्यवस्था र यसका शासकहरूको स्वेच्छाचारिताविरुद्ध लड्दै यहाँसम्म आइपुगेको पार्टी हो । हिजो जे कुराका लगि बलिदान गरियो आज यसका नेताहरू स्वयम्ले जानेर वा नजानेर क्षणिक स्वार्थपूर्तिका लागि त्यसैसँग मिल्दोजुल्दो व्यवहार गर्ने हो भने यसबाट विगतका लोकप्रिय तथा गौरवशाली नेतृत्ववर्ग र उनीहरूको नेतृत्वमा सहादत प्राप्त गर्ने सहिदहरूको पनि अपमान हुनेछ ।

जसरी पनि नेतृत्वमा पुग्दैमा नेतृत्व सफल मानिदैन । लोकतन्त्रमा पारदर्शी र जवाफदेही नेतृत्वमात्र जनता र कार्यकर्ताको मनमस्तिष्कमा बस्न सक्छ । जनताको मनमस्तिष्कमा बस्न नसक्ने पार्टी लोकप्रिय हुन सक्दैन । विगतका थुप्रै कमी कमजोरी तथा आपसी कलहका कारण कांग्रेस सत्ताबाट धेरै टाढा पुगिसकेको छ । अहिले पनि गम्भीर नहुने हो भने सो पार्टीभित्र चुलिएको कलहकै कारण यसको औचित्य नै समाप्त हुनसक्छ । अझ यही बेलामा देशमा कुनै अलोकतान्त्रिक शक्तिले सत्ता हत्याएर प्रजातन्त्र नै मास्न सफल भयो भने इतिहासले हाल यसको नेतृत्व तहमा रहेकाहरूलाई क्षमा गर्ने छैन । साथै कांग्रेसले आफ्नो गरिमामय इतिहास र यसले ल्याएको लोकतान्त्रिक व्यवस्थाको आफैँ अवमूल्यन गरेको पुष्टि हुनेछ । कांग्रेसले दलभित्र विकसित व्यक्तिवादी प्रवृत्ति तथा गुटबन्दीको अन्त्यतर्फ ध्यान नदिने हो भने सुनियोजितरूपमा पार्टीभित्र विवाद सिर्जना गर्दै विगतमा जस्तै भविष्यमा पनि कृष्णप्रसाद र गणेशमानहरूलाई किनारा त लगाउन सकिएला तर पार्टी र यसका नेतृत्वकर्ताको सान्दर्भिकता एवं अस्तित्व भने संकटमा पर्नेछ ।

(समाजशास्त्र विषयअन्तर्गत ‘प्रजातन्त्र र सुशासन’ शीर्षकमा विद्यावारिधि अनुसन्धानरत)

अढाई दशकभित्र ९०५ घरधुरी सहकारी पहुँचमा

झापा (प्रस) । सरकारले आगामी २५ वर्षभित्रमा ९० प्रतिशत घरधुरीलाई सहकारी अभियानमा आवद्ध गराउने भएको छ। सहकारी क्षेत्रको विकासको २५ वर्षे रणनीति तयार गर्दै राष्ट्रिय सहकारी विकास बोर्डले उक्त अवधिमा सहकारीको संख्या १५ हजारमा झार्ने र कुल ग्राहस्थ उत्पादन (जीडीपी) मा १५ प्रतिशतको हाराहारीमा पुऱ्याउने योजना अघि सारेको हो ।

आर्थिक वर्ष २०७६-७७ को आर्थिक सर्वेक्षणअनुसार हाल ३४ हजार ८३७ सहकारी संस्थामा ६५ लाख १५ हजार ४ सय ६० सर्वसाधारण आवद्ध रहेका छन् । तर, सहकारीको अभिलेख राख्ने संयन्त्रको अभाव र दोहारो सदस्यताका कारण ४० लाखको हाराहारीमा मात्र सदस्य रहेको अनुमान रहेको छ । १५ वर्ष माथिका जनसंख्याको आधारमा ३१ प्रतिशतको हाराहारीमा सहकारीको पहुँच रहेको छ । २५ वर्षभित्र सहकारीको पहुँचलाई ७५ प्रतिशतमा पुऱ्याउने रणनीति रहेको छ ।

रणनीतिमा सहकारीको सदस्य संख्या ५ वर्षमा ७० लाख र २५ वर्षमा १ करोड ४० लाख पुग्ने अनुमान छ । यसैगरी आगामी २० वर्षमा प्रति सहकारी सदस्य संख्या १ सय ७५ बाट बढेर ९ सय ३३ पुग्ने अनुमान गरिएको छ । संस्थाको संख्या आगामी ५ वर्षमा गरिबी निवारण कोषअन्तर्गत रहेका करिब ३२ हजार सामुदायिक संस्था सहकारीमा रूपान्तरण हुँदा केही बढ्ने भए पनि तत्पश्चातका वर्षहरूमा सहकारीको संख्या घट्ने प्रक्षेपण गरिएको छ । यसैगरी, हाल जीडीपीमा ३ प्रतिशतको हाराहारीमा मात्र योगदान रहेकोमा यसलाई बढाएर १५ प्रतिशत पुर्याउने लक्ष्य निर्धारण गरिएको छ । रणनीतिमा आगामी २५ वर्ष भित्रमा सहकारीको शेयर पुँजी १७ खर्ब, बचत संकलन ६३ खर्ब र ऋण लगानी ५४ खर्ब हुने अनुमान गरिएको छ ।

रणनीतिमा प्रक्षेपण गरिएका उपलब्धि हासिल गर्नका लागि उद्यमशीलता विकास र रोजगारी, अन्तर सहकारी, सहकारी तथा गैरसरकारी संस्था, निजी क्षेत्र र समुदायसँगको साझेदारी र संजाल, सहकारी चेतना अभिवृद्धि तथा लाभदायी साझेदारी विकास तथा असल सहकारी अभ्यास, सुशासन र नियमनजस्ता कुरालाई जोड दिइएको छ । सहकारी अभियानलाई व्यवस्थित रूपमा अघि बढाउने लक्ष्यका साथ २५ वर्षे रणनीति बनाएर कार्यान्वयका लागि मन्त्रालयमा हस्तान्तरण गरिएको बोर्डका सहअध्यक्ष दक्ष पौडेलले जानकारी दिए। 'सहकारी क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उत्कृष्ट अभ्यासलाई आधार लिएर रणनीति तयार गरिएको छ' उनले भने, 'तीनवटै तहका सरकार हरूलाई व्यवस्थित रूपमा सहकारी विकास अघि बढाउन सक्नेछन् ।'

बोर्डले बुधबार औपचारिक कार्यक्रम गरी भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्माकुमारी अर्याललाई रणनीतिको मस्यौदा बुझाएको छ। योजनाको मस्यौदा बुझ्दै मन्त्री अर्यालले सहकारी आन्दोलनको विस्तार, विकास र सुदृढीकरणका निम्ति रणनीतिक दस्तावेज निर्माण भएको र प्रभावकारी रूपमा कार्यान्वयन गरिने प्रतिवद्धता व्यक्त गरिन् । सहकारी क्षेत्र उद्यमशीलतातर्फ लाग्नुपर्ने भन्दै मन्त्री अर्यालले उद्यमशीलताको विकास र रोजगारीलाई महत्वका साथ जोड दिइएको जानकारी दिइन् । 'हामीसँग सहकारीका संख्याहरू धेरै छन्, सहकारी आर्थिक रूपमा सबल छ' उनले भनिन्, 'सहकारीमा भएका पुँजीलाई अब उत्पादनमा जोड दिँदै सदस्यहरूलाई उद्यमशील बनाउनुपर्नेछ ।' तीनवटै तहको सरकारबीच समन्वय गरी सरकार, निजी क्षेत्र र सहकारी क्षेत्रबीच साझेदारी गरेर अगाडी बढ्नुपर्ने भन्दै उनले समृद्ध नेपाल सुखी नेपालीको सरकारी लक्ष्य हासिल गर्न यी सबैबीच सहकार्यको जरुरी रहेको उल्लेख गरिन् ।

मन्त्रालयका सचिव टेकनारायण पाण्डेले रणनीति सहकारी क्षेत्र कसरी अगाडि बढाउनका लागि भिजनरी दस्तावेज भएको बताए । रणनीति सरकारले आवधिक योजना, वार्षिक कार्यक्रममा व्यवस्था गर्दै कार्यान्वयनमा लैजाने भन्दै सचिव पाण्डेले सहकारीलाई समाजवादको आधारशीलामा व्यवस्थित गर्दै अगाडि बढाउने उल्लेख गरे ।

आत्मानन्द सेवालुङ माङहिम निर्माणका लागि समिति

हल्दीबारी (प्रस) । झापाको हल्दीबारी १ मा आत्मानन्द सेवालुङ माङहिम (मन्दिर) निर्माणका लागि बिभिन्न समिति गठन भएका छन् । माङहिम निर्माणका लागि गत असोज १७ गते पूर्णबहादुर लिङदेनको अध्यक्षतामा ११ सदस्यीय मूल समिति गठन भएको हो । समितिको उपाध्यक्षमा प्रेम माया ईमबुङ , सचिव गीता राई , कोषाध्यक्ष टिका सिगु र सहसचिवमा भिष्म लिङदेन रहेका छन् ।

सदस्यहरुमा नेत्रप्रसाद पौडेल , सोमनाथ सुबेदी , पुष्प चौधरी , कुमार गजमेर ,आशिक अव्दुल र तिलबहादुर सिगु रहेका छन् । यसैगरी टिका पौडेल संयोजक रहेको ७ जनाको सल्लाहकार समिति समेत निर्माण गरिएको छ। समितिमा डम्बरसिंह सिगु, टोलनाथ सुबेदी ,हर्क लिङदेन , डिल्लीसिंह लिङ्देन र सुरेश लिङ्देन रहेका छन् । त्यस्तै बाबुराम पन्धाक संयोजक रहेको माङसेवा समितिमा तिलबहादुर सिगु , रोशन लिङ्देन , मोहन लिङ्देन , शान्ता काम्बाङ, गजेन्द्र लिङ्देन लगायत सदस्य रहेका छन् ।

सोही अवसरमा आत्मानन्द सेवालुङ मन्दिरका लागि स्थानीय समाजसेबी तथा माङहिम निर्माण मुल समिति अध्यक्ष पूर्णबहादुर लिङ्देनले आफ्नो स्वर्गीय मातापिता बलबहादुर लिङदेन र कुमारी थुपुको थेवेको स्मृतिमा २ कठ्ठा जग्गा प्रदान गरेका छन् । माङसेवा सावा बाबुराम पन्धाकको अध्यक्षता रहेको कार्यक्रममा प्रमुख अतिथि रहेका गाउँपालिका अध्यक्ष रबिन्द्र लिङ्देनले अबको टोल-टोलमा हुने धार्मिक तथा पर्यटकीय विकास निर्माणदेखि सबै कामको अगुवाइ स्थानीयले गर्ने बताए ।

कार्यक्रम संयोजक तथा किरात धर्मगुरुका निजी चिकित्सक खगेन्द्र लिङ्देनले औचित्वबारे प्रकाश पार्दै बिश्व शान्ति मानव एकता कायम गरौं भन्ने मूल नारासहित किरात धर्मावलम्बीहरुको मात्र नभएर सवै धर्मानुरागीहरु मिलेर आफ्नो गाउँ ,समाजको सांस्कृतिक , धार्मिक पर्यटकीय बिकासमा धर्मको महत्वपूर्ण योगदान रहेको चर्चा गरे । उनले बिश्वव्यापी रुपमै यस माङहिम व्यापक बनाउने योजनामा लागिपरेको बताए । यसैगरी हल्दिबारी १ का वडाध्यक्ष त्रिलोचन सापकोटाले माङहिम निर्माणमा सवैलाई कटिबद्ध रहि कार्य गर्न आग्रह गर्दै यस कार्यमा वडा सँधै सहयोगका लागि तयार रहने प्रतिबद्धता व्यक्त गरे ।

यस्तै, बिर्तामोड ५ का वडाध्यक्ष राजेन्द्रप्रसाद लिङ्देनले स्वर्गीय भारतीय भुपू सैनिक बलबहादुर लिङ्देनको लिङदेन बंशावली निर्माणमा छुट्टै योगदान रहेको बताउँदै २०२६ सालमा पहाडबाट तराई झर्ने क्रममा भुपू सैनिक प्रतिनिधिको नाताले दोरुम्बा गाउँपालिकाका बिभिन्न जातजातिलाई झार्ने कार्य गरेको स्मरण गरे । उनको स्मृतिमा माङहिम निर्माणका लागि जग्गा प्रदान गरेर छोरा पूर्णबहादुर लिङदेनले गरेको हालको योगदान पनि उल्लेखनीय रहेको वडाध्यक्ष लिङ्देनले बताए ।

हल्दिबारीका जनप्रतिनिधि पदम राई , समाजसेवी गोपालप्रसाद चुँडाल टंकीनाथ योङहाङलगायतको आतिथ्य रहेको कार्यक्रमको सञ्चालन भिष्म लिङ्देनले गरेका थिए ।

दिनहुँ हराउँछन् पाँचभन्दा बढी बालबालिका

झापा (प्रस) । कोरोना संक्रमण तीव्र भइरहेका बेला पनि बालबालिका हराउने क्रम रोकिएको छैन । राष्ट्रिय बालअधिकार परिषद्का अनुसार साउन र भदौमा ३ सय ३६ बालबालिका हराएका छन् । निषेधाज्ञा जारी रहेको साउनमा मात्रै १ सय ८२ जना बालबालिका हराएका थिए। तीमध्ये ७४ लाई फेला पारेर परिवारको सम्पर्कमा पुऱ्याए पनि अरू १ सय ८ जनाको पत्तो लाग्न सकेको छैन ।

भदौमा पनि देशभर १ सय २३ बालिकासहित १ सय ५४ जना बालबालिका हराए। जसमध्ये ४८ फेला परेपनि अरू भेटिएनन् । राष्ट्रिय बालअधिकार परिषद्का अनुसार यी दुई महिनामा सबैभन्दा धेरै बालबालिका प्रदेश २ बाट हराएका छन् । साउनमा ५२ र भदौमा ४४ जना हराए। तीमध्ये साउनमा १६ र भदौमा १० जनामात्रै फेला परे। परिषद्ले सार्वजनिक गरेको विवरणमा साउनमा हराएकामध्ये कति बालिका छन् भन्ने विवरण नभए पनि भदौमा हराएका १ सय ५४ मध्ये ७८ प्रतिशतभन्दा धेरै अर्थात् १ सय २१ बालिका छन् ।

साउनमा गण्डकी प्रदेशबाट ३४ र भदौमा १९ बालबालिका हराएको देखिन्छ। त्यस्तै साउनमा प्रदेश- १ बाट ७ र भदौमा ३५ बालबालिका हराएका छन्। वाग्मती प्रदेशबाट साउनमा २६ जना र भदौमा १३ बालबालिका हराए। साउनमा कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशबाट २४र२४ गरेर ४८ जना हराएका छन् भने कर्णालीमा भदौमा १५ र सुदूरपश्चिममा २० जना हराए। कोरोना संक्रमण बढिरहँदा बालबालिकाहरू हिंसा र दुर्व्यवहारको जोखिममा पनि परिरहेका छन् । भदौमा जोखिम, हिंसा र दुर्व्यवहारमा परेका ६१ बालिकासहित १ सय १० बालबालिकालाई उद्धार गरिएको छ । साउनमा भने २७ बालबालिकाको मात्रै उद्धार भएको थियो ।

गत साउन २१ गते राष्ट्रिय बालअधिकार परिषद्ले कपनस्थित केयर होमबाट ११ बालबालिकालाई उद्धार गरेको थियो । केयर होमछेवैको सार्वजनिक चौरमा कार्टुनमा कसैले बेवारिस छाडेको भनिएका एक शिशुको उद्धार गरिएको खबर सार्वजनिक भएको थियो । शिशुको केयर बालगृहले उद्धार गरेर जिम्मा लिएको थियो । प्रहरी र परिषद्ले गरेको अध्ययनपछि केयर होमले शिशुको आमासँग मिलेमतोमा शिशुलाई चौरमा छाडेको र उद्धारको नाटक गरेर सहायता बटुल्ने प्रयास गरेको भन्दै थप अनुसन्धान अगाडि बढाएको थियो ।

केयर होमले मापदण्डविपरीत बालबालिकाहरू राखेको भेटिएपछि परिषद्ले त्यहाँ आश्रित सबै बालबालिकाको उद्धार गरेको थियो । बालबालिकालाई उद्धार गरेपछि केयर होमले परिषद्वविरुद्ध सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट दायर गरेको थियो । सर्वोच्चले बुधबार केयर होमले दायर गरेको रिट खारेज गरेको हो ।

नेपाल सरकार
प्रदेश नं. १
बिर्तामोड नगरपालिका
पशुपंक्षी, मत्स्य विकास शाखा, झापा

०२३-५४६६७३

प्रस्ताव आह्वान सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति: २०७७/०६/२०

बिर्तामोड नगरपालिका पशुपंक्षी तथा मत्स्य विकास शाखाको वार्षिक स्वीकृत कार्यक्रम आ.व. ०७७/०७८ अनुसार नगर प्रमुख पकेट प्याकेज कार्यक्रम अन्तर्गत बंगुर तथा बाख्रा साटासाट कार्यक्रम संचालन गर्ने कार्यक्रम रहेकाले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (२०७७/०७/०५ सम्ममा) रित पुर्वक प्रस्ताव पेश गराउनुहुन यस नगरपालिका क्षेत्र भित्रका पशुपालक कृषकहरुमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक कागजातहरू :

१. आवेदन (कार्यालयको ढाँचा बमोजिमको आवेदन)
२. वडा कार्यालयको सिफारिस
३. कार्यक्रममा सहभागी हुने कृषक सदस्यको धनीपुर्जाको छायाँकपी
४. नगरिकताको छायाँकपी
५. दर्ता भए प्रमाण पत्रको छायाँकपी
६. समुहको विधानको छायाँकपी
७. समुहको कार्यक्रम माग सम्बन्धी निर्णयको छायाँकपी

नोट: आवेदन फारम समुहगत रूपमा पेश गर्नुपर्नेछ , व्यक्तिगन आवेदन स्वीकार्य हुनेछैन ।

- गणेशप्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत

प्रतिदिन
वर्गीकृत विज्ञापन

विवाह कार्ड
स्टाम्प
साथै अन्य
छपाई सम्बन्धी सम्पुर्ण
काम गर्नु परेमा सम्झनुहोस्
न्यू के.के. प्रिन्टर्स
बिर्तामोड कृषिथोक बजार
९८५२६७९०२९, ९८०२६७९०२९
९८४२७८१०२९

अब मेसिनबाट
घरको झ्याल
तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

3D BOARD
-2D Board
-Flex Print
-Sticker
Decoration
बिचित्र डिजाईन
दमक-८, पलेटी रेष्टुरेन्टसँगै
९८६२१७८११४, ९८१०१७१६१६

हरि ओम
(UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रूफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

Rays Design & Print
Creation
Illustration
Print Production
{भनेजस्तै डिजाइन}
PH: 023 546 145 | 9816 024 944
Birtamode,Jhapa
E-mail: sendemail2rays@gmail.com
www.raysdesign.com

तपाईकोमा
प्रतिदिन
आएन ?
नआएमा
सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

राशिफल

मेष : दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । स्वादिष्ट भोजन पाईनेछ ।
वृष : दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । स्वादिष्ट भोजन पाईनेछ ।
मिथुन : आर्थिक लेनदेनमा समस्या हुन सक्छ । नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला ।
कर्कट : आज आत्मबल बढाएर काम गरेमा असफल भइँदैन ।
सिंह : आज महिलावर्गबाट विशेष सहयोग मिल्नेछ । परिश्रम गर्दा धनार्जन हुनेछ ।
कन्या : लगनशीलताले कामहरू अगाडी बढ्नेछन् । मनमा शान्ति र अनुहारमा कान्ति छाउला ।
तुला : आफन्तका बीचमा खटपट र शङ्का उब्जन सक्छ । आफ्नो अधिकार प्राप्तिका लागि संघर्श गर्नु पर्ला ।
वृश्चिक : धार्मिक कार्यमा सरिक भाईनेछ । आफनतले साथ र सहयोग र समर्थन प्रदान गर्नेछन् ।
धनु : शुभकार्यको चर्चा चल्नेछ । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ ।
मकर : दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । कुटुम्बको सहयोग मिल्नेछ ।
कुम्भ : दैनिक कार्यमा सफलता पाईनेछ । सामाजिक तथा धार्मिक कार्यमा रुची बढ्नेछ ।
मीन : आज आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । आफन्तको प्रगतिमा मन रमाउनेछ ।

प्रतिदिन दैनिकमा विज्ञापन दिन तथा ग्राहक बन्नका लागि हाम्रो ठेगाना- प्रधान कार्यालय : ०२३-५४३८२० । शाखाहरू: इटहरी/विराटनगर : ९८४२०९२४०६, दमक : विष्णु सुब्बा ९८५२६७०१३७, चारआली : ९८४२७०३०१३, धुलाबारी : गोबिन्द घिमिरे ९८१५९५०१५०, भद्रपुर : लोकबहादुर कुँवर ९८४२६८३९९६, अर्जुनधारा : भीम बराल ९८४४६२५३३५